का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ कात्तिक २०८०,
शुक्रबार
3 November 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २७४ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com



# कार्यकारीको मनोमानीमा सर्वोच्चको अंकुश

राणा शासन र पञ्चायतमा शासकले आफूखुसी आममाफी दिने अभ्यास र प्रवृत्तिलाई गणतान्त्रिक शासकले निरन्तरता दिइरहेका बेला सर्वोच्चले सामाजिक पुन:स्थापना, क्षतिपूर्ति र सहमतिबिना कैद मिनाहा नहुने ऐतिहासिक फैसला गरेको हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ कात्तिक ।

सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले रिगल भनिने योगप्रसाद ढकाललाई गरेको कैद मिनाहा बदर भएको छ । सर्वोच्च अदालतको पूर्ण इजलासको परमादेश लगत्तै रिगल पक्राउ परेका छन् ।

सर्वोच्चका वरिष्ठतम न्यायाधीश ईश्वरप्रसाद खतिवडा, सपना प्रधान मल्ल र कुमार चुडालको पूर्ण इजलासले राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को सिफारिसमा गरेको कैद मिनाहलाई कानुन विपरित भएको ठहर गर्दै बदर गरिदिएको हो । यो सँगै कैद मिनाहा गर्ने प्रवृतिमा ऐतिहासिक नजिर स्थापित भएको छ ।

राणा शासन र पञ्चायतमा शासकले आफूखुसी आममाफी दिने अभ्यास र प्रवृतिलाई गणतान्त्रिक शासकले निरन्तरता दिइरहेका बेला सर्वोच अदालतले पीडितको सहमतिबिना कैद मिनाहा नहुने ऐतिहासिक फैसला गरेको हो । पीडितको सहमति नलिदा पनि हुने अवस्थाले जस्ताले पनि आममाफी पाइरहेका टिप्पणी हुने गर्दथ्यो । यस्तो कार्यकारीको मनोमानीमा अब उप्रान्त अंकुश लाग्नेछ ।

रिगलले २०७२ असार २८ गते नेपालगन्जका चेतन मानन्धरलाई खुँडाले हानी हत्या गरेबापत तीनै तहको अदालतबाट सर्वस्वसहित जन्मकैदको सजाय पाएका थिए । घटनामा संलग्न छविलाल बस्नेत, प्रशान्त भन्ने प्रेमध्वज खत्री, मोहनलाल खड्का र नवराज खत्रीलाई जन्मकैद, सोहनसिंह ढकाललाई १० वर्ष, दीपेन्द्र मल्ललाई ५ वर्ष तथा हरि वली, यामबहादुर बुढामगर, मनीष चौलागाईं, विवाद पाठक, केशव रोकाय, माधव परियार, प्रितम थापालाई ३र३ वर्ष कैद सजाय भएको थियो । खुँडाले मान्छे काट्नेजस्तो जघन्य अपराधमा सजाय पाएका व्यक्तिको ६० प्रतिशत कैद मिनाह गर्ने राष्ट्रपतिको कदमले संविधान र विधिको शासनको धज्जी उडेको भन्दै भारतीले कसुरदारलाई पुन: कैद गरिपाऊँ भनी रिट दायर गरेकी थिइन् ।

त्यसमाथि सर्वोच्चका न्यायाधीश मनोज शर्माको इजलासले असोज १९ मा प्रारम्भिक सुनुवाइ गर्दै असोज २५ देखि पूर्ण इजलास गठन गरी निरन्तर सुनुवाइ गरेर मुद्दाको शीघ्र टुंगो लगाउन् भनी आदेश गरेको थियो । त्यसअनुसार असोज २५ गते प्रधान न्यायाधीश श्रेष्ठसहितको इजलासमा मुद्दाको पेसी चढेर त्यसमाथि प्रारम्भिक बहस पनि भएको थियो ।

सरकारले कारागार नियमावली २०२० को दफा २९ को १ र १ (क) बमोजिम रिगललाई कैद मुक्त गर्ने निर्णय गरेको थियो । ऐनमा भएको व्यवस्थालाई नियमावलीले खारेज गर्न नसक्ने कानुनी सिद्धान्त छ । त्यसको विपरीत सरकारले यो निर्णय गरेको थियो । त्यसमाथि, गृह मन्त्रालयले २०७९ मंसिर १२ मा उक्त दफा खारेज गरिसकेको छ । रिगलको कैद मिनाहाका सन्दर्भमा सर्वोच्च अदालतको पृष्ठ २ मा

## रिगल झण्डै १२ वर्ष जेल बस्नुपर्ने



सर्वोच्च अदालतको फैसलालगत्तै पक्राउ परेका रिगल झण्डै १२ वर्ष जेल बस्नुपर्ने भएको छ । सर्वोच्चको फैसलाअनुसार उनी अब ११ वर्ष ११ महिना ५ दिन जेलमा बस्नुपर्ने हुन्छ । उनी बिहीबार अपराह्न नेपालगन्जबाट पक्राउ परेका हुन् ।

संविधान दिवसका अवसरमा मन्त्रिपरिषद्ले योगराज ढकालको कैद मिनाहा गर्ने निर्णय गरी आममाफीका निम्ति राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो । सरकारको उक्त सिफारिससँगै ढकाल कारागारमुक्त भएका थिए ।

चेतन मानन्धरको हत्या गरिएको मुद्दामा बाँके जिल्ला अदालतबाट २०७५ वैशाख पृष्ठ २ मा

रिगललाई पुन: कैद सजाय पठाउने सर्वोच्च अदालतको फैसलापछि चेतन मानन्धरकी पत्नी भारती सर्वोच्च परिसरमा ढोग्दै । उनी पति चेतनको हत्या अभियुक्तलाई कैदमुक्त गर्ने सरकारको निर्णयविरुद्ध गएको २७ असोजदेखि अनशन बसेकी थिइन् ।

## भारती मानन्धरले ढोगिन् सर्वोच्चको पेटी

सर्वोच्च अदालतले आफ्ना पति चेतन मानन्धरको हत्यारा रिगलको कैद मिनाहा गर्ने सरकारको निर्णय बदर गरिदिएपछि भारती मानन्धर भक्कानिइन् । सर्वोच्चको फैसला सुनेलगत्तै उनी भावविव्हल भइन् । डाँको छोडेर रुँदै उनले सर्वोच्च अदालतको पेटीमा ढोगिन् ।

जन्मकैदको सजाय पाएका रिगललाई आममाफी दिने राष्ट्रपतिको निर्णय बदर हुने आदेशपछि भारती मानन्धर वीर अस्पताल पुगेकी छन् । सर्वोच्चको आदेशपछि भारतीलाई सहयोगीहरूले गाडीमा हालेर वीर अस्पताल लगे । आमरण अनशनका कारण भारतीको स्वास्थ्य अवस्था कमजोर भएको छ ।

चाडपर्व हाम्रा साँस्कृतिक पहिचान ।
मधपान र जुवातास विकृतिका मुहान ।।
नेपाल सरकार
विज्ञापन बोर्ड

# कहाँ छ चिनी ?

## बजारमा लुकेको चिनी खोज्न प्रहरी परिचालन

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १६ कात्तिक ।

सरकार चिनी स्टक खोज्नमा लागेको छ । वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका अनुसार चिनीको अवैध ओसारपसार तथा कारोबार र स्टकमा राखेर विक्रीवितरण नै नगर्ने प्रवृति बढेपछि त्यस्तो चिनी खोज्ने कार्यमा सरकार लागेको हो । त्यसका लागि सादा पोशाकमा प्रहरी परिचालन भएका छन् ।

> चिनीको अवैध ओसारपसार तथा कारोबार र लुकाएर राखेको चिनी खोज्ने कार्यमा सरकार लागेको छ । त्यसका लागि सादा पोशाकमा प्रहरी परिचालन भएका छन् ।

तिहार, छठ लगायतका पर्वमा चिनी अभाव हुन नदिन सरकार नै चिनीको खोजतलासमा लागेको हो । अवैधरुपमा बजारमा आउने चिनीको खोजतलास गर्नका लागि वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले नेपाल प्रहरीसँग मिलेर निगरानी बढाएको हो । विभागका अधिकारीहरुका अनुसार चिनीको खोजतलासका लागि टिम बनेर खटिएको छ । चिनीको कालोबजारीको सूचना संकलनका लागि विभागका कर्मचारीसहित सादा पोसाकका प्रहरी बजारमा खटिएका छन् ।

अधिकारीहरुका अनुसार नागढुंगादेखि बनेपाको पनौतीसम्म निगरानी भइरहेको छ । टिमले सूचना संकलन गरिरहेको छ । बजारमा लुकाइराखेको चिनी बाहिर ल्याउने योजना अन्तर्गत यस्तो अभियान चलाइएको हो । सरकारी अभिलेखमा नरहेको गोदाममा कसैले राखेको रहेछ भने त्यसलाई बेवारिसे ठानेर भन्सारमा पठाइने विभागको तयारी छ ।

साथै विभाग र प्रहरीले चिनीको अवैध ओसारपसार तथा कारोबार भएको थाहा भएसूचना दिन भनेको छ । यसका लागि प्रहरीको टोल फ्री नम्बर १०० वा विभागको टोल फ्री नम्बर ११३७ मा सम्पर्क गर्न भनिएको छ ।

यसअघि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले अनुगमनका क्रममा ७० हजार किलोग्राम चिनी बरामद गरेको थियो । उक्त चिनी साल्ट ट्रेडिङले व्यवसायीको लागत मूल्यमा किनेको थियो । विभागका अनुसार नेपालमा पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### व्यवसायी र श्रम मन्त्रालयको टोली साउदीमा

# मुख्य चार विषयमा छलफल हुँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ कात्तिक

साउदी अरेबियाको रोजगारीमा देखिएका समस्या समाधानका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र नेपाल वैदेशिक रोजगार व्यवसायीको टोली साउदी अरेबिया पुगेको छ । वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दाहालको नेतृत्वमा गएको नेपाली प्रतिनिधिमण्डलामा विभागका निर्देशक कविराज उप्रेती तथा मन्त्रालयका उपसचिव कृष्णप्रसाद भुसालसहित नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी, महासचिव मेघनाथ भुर्तेल र द्वितीय उपाध्यक्ष सञ्जु गुरूङलगायत रहेका छन् ।



नेपाली प्रतिनिधिमण्डलले साउदीमा मुख्य चार विषयमा छलफल गर्नेछ । साउदी अरेबियास्थित नेपाली राजदूत नवराज सुवेदी पनि छलफलमा सहभागी रहनेछन् । नेपाली प्रतिनिधिमण्डलले बिहीबारदेखि नै छलफल शुरू गरेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव भुर्तेलले जानकारी दिए ।

महासचिव भुर्तेलका अनुसार छलफल मुख्यत: श्रम सम्झौता, जेलमा रहेका नेपाली कामदारको समस्या र उनीहरूले तिर्नुपर्ने जरिवाना, करारमा उल्लेख भएको काम र तलब पाउन नसक्दा उत्पन्न भएको कामदार, कम्पनी र म्यानपावर कम्पनीको समस्या र 'मेघा' कम्पनीका समस्या समाधानमा केन्द्रित रहनेछ । महासचिव भुर्तेलले बिहीबार साउदी अरेबियाको कानून, श्रम तथा सामाजिक विकास र परराष्ट्र अधिकारीहरूसँग छलफल गर्ने तयारी रहेको मध्यान्ह दैनिकलाई जानकारी दिए । साउदी अरेबिया अदक्ष नेपाली पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
DOCUMENTATION - (2 Female)
ACCOUNTANT - (2 Female)
MOFA OFFICER - (1 Male / 2 Female)
Should have experience in related field.
SALARY 25000-30000
SEND YOUR CV: admin@luluintl.com
01-4387319 | 01-4351637
Lulu International Pvt. Ltd.
Samakhushi-29, Kathmandu. Nepal
Mob.: 9851083549 || 9818065184
Govt. Lic. No. 1035/072/073

आदरणीय व्यवसायीज्यूहरु,
नेपाल वैदेशिक रोजगार व्यवसायी संघका प्रतिनिधि व्यवसायीज्यूहरुको अस्था र अपेक्षाको हमेशा संघले सम्मान गर्दै आइरहेको र व्यावसायिक हक र हितका सम्बन्धमा अहोरात्र खट्दै आइरहेको विषय विधितै छ । नेपाली नागरिक भएका नाताले देशप्रति र वैदेशिक रोजगार व्यवसायी भएका नाताले छाता संघप्रति मनैबाट आस्था र सम्मान प्रस्तुत गर्ने हेतु यस संघमा आवद्ध सदस्य संस्थाहरुका प्रमुख बस्ने कार्यालयको टेबलको माथि दायाँमा नेपालको झण्डा र बायाँमा संघको व्यावसायिक झण्डा अनिवार्य राख्न यसै सूचनामार्फत सूचीत गरिन्छ । आशा छ व्यवसायीज्यूहरुले आफ्नो आस्थाको धरोहरलाई जीवित राख्नुहुनेछ ।
नोट : व्यावसायिक झण्डा संघमार्फत उपलब्ध गराइनेछ ।
कर्णराज कटुवाल
का. वा. महासचिव
डिक बहादुर खत्री (कुमार)
का. वा. अध्यक्ष
नेपाल बैदेशिक रोजगार ब्यवसायी संघ
तिलगंगा-८, काठमाडौ, फोन नं. ०१-४५८०८६९ / ४५८४४१८

मध्यान्ह
www.madhyanhadaily.com
१७ कातिक २०८०, शुक्रबार
3 November 2023, Friday

# साना दलको निशानामा ठूला दल

कुन कुरा निर्णय हुने हो त्यो एउटा अँध्यारो कोठामा तीन जना नेताले बसेर निर्णय गर्छन् । त्यो तीन जना नेताहरु सार्वभौम सम्पन्न भए कि यो संसद सार्वभौमसत्ता सम्पन्न भयो ?

● **सीके राउत**, अध्यक्ष, जनमत पार्टी

शीर्ष भनिएका नेताको भाषणमा कुण्ठा चल्छ, मिथ्यांकको विवरण खुल्छ, आत्मप्रशंसा र विपक्षीको निन्दाको लम्बेतान सिलसिला मात्र चल्दैन शीर्ष भनिने, ठानिने नेताको लहडमा संसद बन्धक छ ।

● **रवि लामिछाने**, सभापति, रास्वपा

संसद लाचार भएकै कारण, संसद सिण्डिकेडको सिकार भएकै कारण दलको कारिन्दा भएकै कारण प्रभावकारी हुन सकेन । संसदमा मुट्ठीभर सांसद र पार्टीको सिण्डिकेट छ ।

● **प्रभु साह**, अध्यक्ष, आम जनता पार्टी

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, १६ कात्तिक ।

संघीय संसदको वर्षे अधिवेशन अन्त्य भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को सिफारिसमा संघीय संसदका दुवै सदनको चालू अधिवेशन बिहीबार राति १२:०० बजेदेखि अन्त्य भएको हो ।

अधिवेशन अन्त्य हुनुअघि प्रतिनिधि सभा र राष्ट्रिय सभामा सदनको कामकारबाहीको समीक्षात्मक बैठक चलेको थियो । उक्त बैठकमा साना दल र ठूला दलहरु आमुन्ने सामुन्ने भए ।

प्रमुख सत्ताघटक नेपाली कांग्रेसका संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था र संविधानविरुद्ध प्रयोजित रुपमा प्रश्न उठाउन थालिएको भनी ध्यानाकर्षण गरे । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था र संविधान पक्षधरहरु एक हुनुपर्नेमा उनले जोड दिए ।

नेकपा एमालेका उपाध्यक्ष समेत रहेका सांसद विष्णु पौडेलले पनि व्यवस्था विरोधीहरुलाई टाउको उठाउन नदिन सबै एकमत हुनुपर्ने बताए । वर्तमान शासन व्यवस्थाको विकल्प खोज्ने बेला नभएको उनको भनाइ थियो ।

ठूला दलहरुले व्यवस्थामाथि प्रश्न उठाइएको र त्यसमा ठूला दलहरुलाई निशाना बनाइएको भनेपछि साना दलहरुले जमेरै ठूला दलहरुको आचरण र व्यवहारमाथि प्रश्न गरे । व्यवस्थामाथि खतरा ठूला दलहरुबाटै रहेको भनी प्रतिवाद गरे ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले संसदमा काम भन्दा ज्यादा आरोप प्रत्यारोप, छेडखानी चलेको र यस्तो कार्य ठूला दलका शीर्ष नेता र सांसदहरुबाट भएको आरोप लगाए ।

'शीर्ष भनिएका नेताको भाषणमा कुण्ठा चल्छ, मिथ्यांकको विवरण खुल्छ, आत्मप्रशंसा र विपक्षीको निन्दाको लम्बेतान सिलसिला मात्र चल्दैन शीर्ष भनिने, ठानिने नेताको लहडमा संसद बन्धक हुन्छ', उनले भने ।

जनमत पार्टीका अध्यक्ष सीके राउतले संसदको सार्वभौम सत्ता जनप्रतिनिधिहरुमा नभइ प्रमुख तीन पार्टीका तीन नेताको हातमा रहेको पनि टिप्पणी गरे ।

'यहाँ राखिएका कुनै पनि कुरा वा तपाईंहरुले हालेको कुन संशोधन पारित भयो ?, उनले सांसदलाई भने । 'के पारित हुने ? के के पारित हुने हो ? कुन विधेयक पारित हुने हो ? कुन कुरा निर्णय हुने हो त्यो एउटा अँध्यारो कोठामा तीन जना नेताले बसेर निर्णय गर्छन । त्यो तीन जना नेताहरु सार्वभौम सम्पन्न भए कि यो संसद सार्वभौमसत्ता सम्पन्न भयो ?' अध्यक्ष राउतले प्रश्न गरे ।

आम जनता पार्टीका अध्यक्ष प्रभु साहले संसदमा सिण्डिकेडको लाचार छायाँ परेको बताए । 'मेरो बिचारमा संसद लाचार भएकै कारण, संसद सिण्डिकेडको सिकार भएकै कारण दलको कारिन्दा भएकै कारण प्रभावकारी हुन सकेन ।'

संघीय संसदमा मुट्ठीभर सांसद र पार्टीको सिण्डिकेट रहेको भन्दै साहले भने 'प्रतिपक्ष र सत्तापक्ष हुनुपर्ने हो नि कहाँ देख्यौं हामीले ? कार्य व्यवस्था परामर्श समिति गठन गर्नुभयो देखेकै छौं, समिति सभापतिहरु बाँडफाँड गर्नुभयो देखेकै छौं, संवैधानिक समितिहरु बनाउनुभयो हेरेकै छौं । कस्तो प्रतिस्पर्धा रहेछ ?'

# 'मुलुकको आर्थिक क्षेत्र सुधारोन्मुख'




**लुम्बिनी / मस**–प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकको अर्थतन्त्र सुधारोन्मुख अवस्थामा रहेको बताएका छन् । सरकार लागि सरकारले वृहतकार्य योजनाकासाथ आउने पनि उनको भनाइ छ ।

बुटवलस्थित आम्दा नेपाल, सिद्धार्थ महिला तथा बाल अस्पतालको २५ औं वार्षिकोत्सव समारोहमा प्रधानमन्त्री दाहालले आफू प्रधानमन्त्री भएपछि आर्थिक क्षेत्रमा धेरै सुधार भएको उल्लेख गर्दै अर्थतन्त्रमा परेको दबाब समाधानका लागि सरकारले सम्पूर्ण शक्ति लगाइरहेको बताए ।

प्रधानमन्त्री दाहालले सरकारको लगातारको प्रयासले बैंक तथा वित्तीय संस्थामा कर्जाको ब्याजदर कम हुँदै गएको दाबी गरे ।

प्रधानमन्त्री दाहालले मौद्रिक नीति र वित्तीय क्षेत्रको सुधारको काम भइरहेको बताउँदै उद्योगी, व्यवसायीलाई निराशा नहुन आग्रह गरे । यसैगरी पर्यटन व्यवसायसमेत फस्टाउँदै गएको, राजस्व वृद्धिको ट्रेन्ड देखा पर्दै गएको उनको भनाइ छ । प्रधानमन्त्री दाहालले वर्तमान सरकार नागरिकको स्वास्थ्यको हकप्रति संवेदनशील रहेको उल्लेख गर्दै आफ्नो नेतृत्वमा गठन भएको सरकारले स्वास्थ्य सेवामा सामाजिक सुरक्षा कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको बताए ।

उनले गरिब, विपन्न र असहाय नागरिकलाई स्वास्थ्य सेवा प्रवाहका लागि सरकारी अस्पतालका दुई हजार आठ सय शय्या निःशुल्क उपलब्ध गराइएको जानकारी दिए । 'सरकारी, सामुदायिक र निजी अस्पतालले कूल शय्याको १० प्रतिशत विपन्न, असहाय, बेवारिसे बिरामीको निःशुल्क उपचारका लागि कार्यान्वयनमा ल्याउन पहल गरिएको छ', उनले भने, 'स्वास्थ्य क्षेत्रमा यस्ता धेरै काम अगाडि बढेका छन् जसले स्वास्थ्य क्षेत्रमा सामाजिक सुरक्षा र सरल एवं सहज सेवा प्रवाहका निम्ति आधारभूत अर्थ राख्दछन् ।'

प्रधानमन्त्री दाहालले निकै ठूलो मेहनत र संघर्षको प्रतिफलबाट नेपालको संविधानको धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको बताए । उनले संविधानमा गरिएको उक्त व्यवस्थामा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुने, प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने र प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने व्यवस्था गरिएको उल्लेख गरे । उनले रूपन्देही क्षेत्रमा मानवसेवामा समर्पित प्रतिष्ठित जापानी डाक्टर सिगेरू सुगानामी सहितका व्यक्तिको योगदानमा स्थापित आम्दा नेपालले बुटवलमा सिद्धार्थ अस्पताल तथा क्याम्पस दुवैले आमा र बालबालिकाको स्वास्थ्यमा पुऱ्याएको योगदानको प्रशंसा गरे । 'बालबालिका तथा महिलालाई एउटै स्थानबाट यति धेरै सुविधा प्रदान गर्नु र दुरदराजका बिरामीकोसमेत स्तरीय उपचार गर्नुले अस्पतालको भूमिका महत्वपूर्ण रहेको छ', उनले भने, 'एउटा च्यारिटी अस्पताल र शिक्षण संस्थाको नाताले यहाँका स्थानीय निम्न आर्थिकस्तर भएका जनताका निम्ति यो संस्था धेरै नै उपलब्धिपूर्ण रहनेछ भन्नेमा मैले विश्वास लिएको छु ।'

## कार्यकारीको...

यो ब्याख्यासँगै नयाँ नजिर स्थाति भएको हो । नेपालको संविधानको मौलिक हकमा अपराध पीडितको हकसम्बन्धी व्यवस्था रहेको औंल्याउदै सर्वोच्चले 'कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक'मा नजरअन्दाज नगर्न सरोकारवालाहरुको ध्यानाकर्षण गराएको छ । पीडकलाई सजाय छुट दिँदा वा कैद घटाउँदा पीडितको सहमति र मञ्जुरी अनिवार्य हुने भन्दै सर्वोच्च अदालतले पीडितलाई सामाजिक पुनःस्थापना र क्षतिपूर्तिको व्यवस्था पनि गरिनुपर्ने औंल्याएको हो । 'यस दृष्टिले हेर्दा पीडकको रुपमा रहेका रिगल ढकाललाई भएको कैद सजाय घटाउने गरी भएका काम कारवाही तथा निर्णय नेपालको संविधान अनुकूल देखिएन । संविधानको प्रतिकूल भए गरेका काम कारवाही र निर्णयलाई यस अदालतले न्यायिक मान्यता प्रदान गर्न सक्तैन' आदेशमा भनिएको छ ।

## रिगल...

११ मा र उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासबाट २०७६ साल माघ २८ मा भएको फैसला अनुसार ढकाललाई जन्मकैद (वीस वर्ष कैद) हुने भनी ठहर भएको थियो । सो मुद्दाका सन्दर्भमा रिगल ढकाल २०७२ भदौ ७ देखि थुनामा रहेका थिए भने २०८० साल असोज ३ गतेको संविधान दिवसको सन्दर्भमा निजलाई रिहा गर्दा बाँकी कैद ११ वर्ष ११ महिना ५ दिन भुक्तानी हुनै बाँकी थियो । अब त्यो पुनः उनले भुक्तान गर्नुपर्ने हुन्छ ।

## कहाँ...

वार्षिक करिब ३ लाख मेट्रिक टन चिनी आवश्यक पर्छ । नेपालभित्रै १ लाख ५० हजार मेट्रिक टन चिनी उत्पादन हुन्छ । ५० प्रतिशत मात्रै आन्तरिक उत्पादनले धान्छ । बाँकी ५० प्रतिशत आयात नै गर्नुपर्छ । तर, अहिले भारतले प्रतिबन्ध लगाएकाले असहज स्थिति बनेको अधिकारीहरु बताउँछन् । भारतले चिनी निर्यातमा प्रतिबन्ध लगाएको छ । भारतले चिनीको निर्यातमा प्रतिबन्ध लगाएकाले पनि नेपालले आयात गर्न नसक्दा समस्या भएको बताइन्छ । यो समस्यालाई मध्यनजर गर्दै संसदको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले चिनी आयातमा कर तथा भन्सार छुटको सहमति प्रदान गरिदिन अर्थ मन्त्रालयलाई निर्देशन दिएको छ । समितिले चाडपर्वमा चिनीको अभाव हुन नदिन वाणिज्य मन्त्रालयबाट माग भएको ५० हजार मेट्रिकटन चिनी मूल्य अभिवृद्धि कर छुट तथा एक प्रतिशत भन्सार महसुल लिने गरी आयातको सहमति उपलब्ध गराउन निर्देशन दिएको हो । यसअघि वाणिज्य मन्त्रालयले ५० हजार मेट्रिकटन चिनी आयातका लागि भन्सार महसुल छुटको सहमति प्रदान गर्न अर्थ मन्त्रालयसँग आग्रह गरेको थियो । तर अर्थ मन्त्रालयले २० हजार मेट्रिकटन चिनी आयातका लागि ५० प्रतिशत मात्र भन्सार महसुल छुट दिने गरी आयातको सहमति प्रदान गरेको बताएको छ ।

चाडपर्वका समयमा चिनी, चामल र गहुँलगायतका अत्यावश्यक वस्तुको अभाव हुन नदिन र मूल्य नियन्त्रण गनृ भनेको छ । उपभोग्य वस्तुमा हुने मिसावट, कृत्रिम अभाव, कालोबजारी, गैरकानुनी भण्डारण, अस्वभाविक मूल्यवृद्धिजस्ता अनियमित गतिविधि रोक्न् उपभोग्य वस्तुको बजार अनुगमन गर्ने कार्यका लागि पर्याप्तमात्रामा जनशक्ति र स्रोतसाधनको व्यवस्था गरी अनुगमनलाई प्रभावकारी बनाउन पनि उद्योग मन्त्रालयलाई निर्देशन दिइएको छ । संसदीय समितिको निर्देशन समेतको आधारमा सरकार चिनीको अवैध ओसारपसार तथा कारोबार र लुकाएर राखेको चिनी खोज्ने कार्यमा सरकार लागेको हो । त्यसका लागि सादा पोशाकमा प्रहरी परिचालन भएका हुन् ।

## व्यवसायी...

कामदारको प्रमुख श्रम गन्तव्य हो । तर नेपालले श्रम सम्झौता बिना कामदार पठाउँदा उनीहरू समस्यामा पर्ने गरेका छन् । अञ्जानवश हुने सानोतिनो गल्तीको पनि ठूलो जरिवाना गर्ने गरिएको कारणले धेरै नेपाली समस्यामा रहेको पाइएको पनि संघका महासचिव भुर्तेलले बताए । स्थानीय कानूनी व्यवस्थाको ज्ञानको अभावमा चर्को जरिवानामा परेका कतिपय नेपाली कामदार उक्त जरिवाना तिर्न नसकेर जेलमा रहनुपर्ने अवस्था बाक्लो देखिएको छ ।

साउदी अरेबियाका ठूलो मात्रामा कामदार आपूर्ति गर्ने 'मेघा' कम्पनीमा नेपाली कामदारहरूले तोकिएको तलब सुविधा नपाउने र कतिपय कामदारलाई स्वदेश फर्किनसमेत समस्या उत्पन्न भएपछि नेपाली टोली दशैं अगाडि फर्किने गरी जाने तयारीमा रहेपनि तीन साता ढिलो गरी साउदी अरेबिया पुगेको हो । साउदी अरेबियामा सप्लाई अन्तर्गत लेवर र क्लिनर भिसामा जाने नेपाली कामदारको रोजगारदाताले समयमा अकमा नबनाइदिने प्रवृत्ति व्यापकरूपमा रहेको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् ।

सप्लाई कम्पनीमा गएका धेरै नेपाली कामदार समस्यामा परेपछि वैदेशिक रोजगार विभागले नेपाल वैदेशिक रोजगार व्यवसायीसँग छलफल गर्दा सप्लाई कम्पनीको समस्या समाधान गर्न यस्ता कम्पनीहरूमा नेपाली कामदारको मागपत्र प्रमाणीकरण गर्नु अघि रोजगारदाता कम्पनीले कुन सप्लाई कम्पनीमा काममा लगाउने हो त्यसको विस्तृत विवरण मागपत्रसँगै अनिवार्य पेश गर्नुपर्ने विकल्पमा समस्याको अल्पकालीन समाधान निकालेको थियो । साउदी अरेबियास्थित नेपाली दूतावासले पनि कम्पनी सप्लाई बहुतहसम्मको हुने भएकोले अधिकांश सप्लाई कम्पनीमा पारिश्रमिक तथा अतिरिक्त समयको सुविधा न्यून हुने गरेका कारणले समस्या आइरहेको बताएको छ ।

नेपाली टोलीले सप्लाई कम्पनीलगायत साउदी अरेबियाको रोजगारीका सबै क्षेत्रमा देखिने समस्याको समाधान खोज्ने बताइएको छ । नेपाली टाली साउदी अरेबिया अघि यूएई पनि पुगेको थियो । यूएईमा दुर्घटनामा परी कोमामा उपचार गराइरहेका दुई नेपाली कामदारको अवस्थाका बारेमा जानकारी लिएको थियो । यूएई अस्पतालले कोमामा रहेका नेपाली कामदारलाई स्वदेश फर्काइ नेपालमा नै थप उपचारको प्रवन्ध मिलाउन आग्रह गरेको छ । तर नेपालमा त्यस्तो उपचारको लागत अत्यन्तै महंगो पर्ने र हस्पिटलको पनि अभाव रहेको सरकारी पक्षको भनाइ रहँदै आएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/०४/२६ मा दर्ता भएको **प्रा.लि. नं. २६७५५६** को **सावित्री सोप एण्ड केमिकल्स इण्डस्ट्रिज प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**UAE मा रोजगार**
कम्पनी : DISCOVERY EMPLOYMENT LLC
शहर: UAE
पूर्व स्वीकृत मितिः २०७९/११/२१ चलानी नं.: ६०१९५७७० Lt. No.: 282101 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Labor | 60 | 0 | | 900 | ३२५८० | | | | | | | |
| 3. | Carpenter | 20 | 0 | | 1200 | ४३४४० | | | | | | | |
| 4. | Steel Fixer | 10 | 0 | | 1200 | ४३४४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० कात्तिक २३ गते (9 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**TOKIYO OVERSEAS PVT. LTD.**
Govt. License No.: 1307/074/075
Airport, Sinamangal-09 phone no-014594008/014597178
tokiyooverseas51@gmail.com | Web: www.tokiyooverseas.com.np

**SAUDI ARABIA मा रोजगारको अवसर**
कम्पनीः Akal Trading Company, Saudi Arabia, Riyadh
पूर्व स्वीकृती मितिः २०८०/०७/१६ LT. NO. 294557 चलानी नं. ६०२०९६६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Tools Cleaner | 02 | 0 | 1000 | ३५,३५२ | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | १०,००० |

कुल लागत खर्चः निःशुल्क

अन्तरवार्ता मेनपावरको कार्यालय काठमाण्डौमा २०८० कार्तिक २४ गते (10 Nov., 2023) का दिन हुनेछ ।

**साउथ एशियन इम्प्लोएमेन्ट प्रा. लि.**
सिनामंगल, -९, काठमाडौं, नेपाल
फोनः ०१-४५८२०९८, ४५८२०९९, ९८०११७७७७५
Email : saehrm@gmail.com Web: www.saenepal.com.np
श्रम ईजाजत नं. ६१०/०६२/०६३

**मलेशियामा रोजगार**
कम्पनीः TAN BROTHER PALLET SDN BHD
शहरः Pontian
पूर्व स्वीकृत मितिः २०२३/११/०१ चलानी नं.: ६०२०९७५१ LT. No.: 294461

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४१,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक २४ गते (10 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**AAROHAN HUMAN RESOURCE PVT. LTD.**
Sinamangal-09, Kathmandu, Nepal, Phone: 01-4465606, 9824926470
Govt. Lic. No. 1428/074/075

**Geruwa Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Pashupatinagar, Bardiya**

**Invitation for Bids**
**Invitation for Bids No: W/GRM/NCB/01/2080-81**

**Date of publication: 2080/07/17**

1. [Geruwa Rural Municipality] invites electronic bids from eligible bidders for the construction of [Construction of Academic Building-01 at Ekpriya Rathor Ma.Vi.] under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: [enter NRs 2,60,000,00. (Two Crore Sixty Lakh)]
   - Minimum Work experience of similar size and nature: [number of project 1(one) and value of project NRs. 1,90,00,000 (One Crore Ninety Lakh)]
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of [Geruwa Rural Municipality, Pashupatinagar-05 Bardiya, 9458090441, prabidhik. geruwamun@gmail.com, yojana.geruwamun@gmail.com] or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   | | | |
   |---|---|---|
   | **Name of the Bank** | : | **Nepal Investment Mega Bank, Geruwa Branch** |
   | **Name of Office** | : | **Geruwa Rural Municipality** |
   | **Office Account no.** | : | **GA 1-1 AANTARIK RAJSHWO KHATA (17201400000109)** |
   | **Bid Document fee** | : | **NRs. 5000.00/** |

4. Pre-bid meeting shall be held at [Geruwa Rural Municipality, Geruwa, Bardiya] at [Time:- 1:00 P.M., Date:- 2080/08/07].
5. Electronic bids must be submitted to the office [Geruwa Rural Municipality, Geruwa Bardiya] through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before [Time:- 12:00 P.M.] on [Date:- 2080/08/17]. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at [Time:- 1:00 P.M. and date:- 2080/08/17 ] at the office of [Geruwa Rural Municipality]. Bids must be valid for a period of [90 days] after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of [NRs. 6,50,000.00 (Six Lakh Fifty Thousand)], which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

सरकारलाई अख्तियारको २२ बुँदे परिपत्र

# सार्वजनिक खरिदको कार्य पारदर्शी र प्रतिस्पर्धी बनाउन सुझाव

मध्यान्ह संवाददाता
काठमाडौं, १६ कात्तिक

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक खरिदको कार्य पारदर्शी, प्रतिस्पर्धी र गुणस्तरीय बनाउन सरकारलाई २२ बुँदे सुझाव दिएको छ।

मुलुकको सीमित स्रोत र साधनको अधिकतम परिचालन गरी उच्च नतिजा हासिल गर्न योजना छनोट, प्राथमिकीकरण तथा वर्गीकरण र बजेट तर्जुमाको कार्य वस्तुनिष्ठ, वैज्ञानिक र यथार्थपरक बनाउन सुझाव दिइएको अख्तियारले जनाएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८(१)(ख) बमोजिम सुझाव दिइएको अख्तियारका प्रवक्ता प्रवक्ता भोला दाहालले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग, सात वटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश नीति तथा योजना आयोग र ७५३ वटै स्थानीय तहहरूलाई सुझाव कार्यान्वयनका लागि लेखी पठाइएको अख्तियारले जनाएको छ।

'राष्ट्रिय योजना आयोगले बजेट तर्जुमाको निकायगत सिलिङ उपलब्ध गराउनुपूर्व तत् तत् निकायसँग तयारी पूरा भएका आयोजनाहरूको विवरण माग गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन/नियम बमोजिमका जिम्मेवार पदाधिकारीलाई बोलाइ चरणबद्ध रूपमा छलफल गर्ने,' अख्तियारले दिएको सुझावमा भनिएको छ।

संघ, प्रदेश र स्थानीय तीनै तहमा बजेट तर्जुमा गर्दा उल्लिखित प्रक्रियाभन्दा बाहिरबाट आयोजना समावेश गरी बजेट विनियोजन गर्नु प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन नियम विपरीत हुने र त्यस्तो कार्यका लागि सम्बन्धित अधिकारी जिम्मेवार हुने हुँदा त्यस्तो कार्य नगर्ने, नगराउन अख्तियारले भनेको छ।



जथाभावी बजेट रकमान्तर गरी खर्च गर्ने विकृति झाँगिदै जाँदा स्रोतको दुरुपयोग र सम्पादित कामको गुणस्तर समेत कमसल हुने गुनासो व्यापक मात्रामा बढेको अख्तियारले जनाएको छ।

'सम्बन्धित अधिकारीहरूले बजेट तर्जुमाकै चरणमा पर्याप्त ध्यान पुऱ्याइ रकमान्तर गर्नु पर्ने अवस्था आउन नदिने र सार्वजनिक स्रोतको उपयोगिता र प्रतिफलका दृष्टिले रकमान्तर गर्न औचित्यपूर्ण हुने ठहरी रकमान्तर गर्नुपर्ने आवश्यकता भएमा दोस्रो र तेस्रो त्रैमासिकमा मात्र गर्न सक्ने गरी मापदण्ड बनाई कार्यान्वयन गर्ने'अख्तियारको सुझावमा भनिएको छ।

यस्तै आयोगले बहुवर्षीय आयोजनामा न्यून बजेट विनियोजन गर्ने र पछि रकमान्तर गरी स्रोत सुनिश्चितताका लागि चालु आ.व.मा विनियोजन भएको हुनुपर्ने बजेट प्रतिशत पुरा गरी स्रोत सुनिश्चतता सहमति लिइ बहुवर्षीय ठेक्का लगाउने, न्यूनतम मापदण्ड नै नपुगेका आयोजनामा समेत बहुवर्षीय ठेक्काका लागि स्रोत सुनिश्चतता दिने, अर्थ मन्त्रालयले सम्बन्धित मन्त्रालयमा विनियोजित रकमबाटै बजेट व्यवस्था गर्ने गरी जथाभावी स्रोत सुनिश्चितता प्रदान गर्ने प्रवृत्तिले तीनै तहका सरकारलाई असीमित बजेट दायित्व सिर्जना भएको उल्लेख गरेको छ। जसका कारण वार्षिक बजेट बनाउँदा नयाँ आयोजना राख्नै नसकिने स्थिति बन्दै गएको विषय सार्वजनिक स्रोतको उपयोगमा अनुशासन, नियमितता र प्रतिफल समेतको दृष्टिबाट त्रुटिपूर्ण हुने हुँदा वस्तुगत मापदण्ड बनाई सोको पूर्ण पालना गरी आवश्यकता र औचित्यका आधारमा मात्र बहुवर्षीय आयोजनामा स्रोत सहमति दिने व्यवस्था गर्ने आयोगले जनाएको छ।

आयोगले स्वीकृत वार्षिक खरिद योजना अनुसार समयमै खरिद गर्नु र खरिद सम्झौता बमोजिमको कामको गुणस्तर अनुगमन गरी कार्यसम्पन्न भएपश्चात समयमै भुक्तानी दिनु सम्बन्धित खर्च गर्ने अधिकारी र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी भए पनि त्यस्ता अधिकारीहरु जिम्मेवार नुहँदा कार्य सम्पन्न भएर पनि सम्बन्धित आर्थिक वर्षमा भुक्तानी नभई ठूलो दायित्व सिर्जना हुने र नयाँ आर्थिक वर्षमा उक्त दायित्व भुक्तानीका लागि बजेटको व्यवस्था नगरी कार्यपालिकाको निर्णयबाट रकमान्तर वा अन्य माध्यमद्वारा स्रोत व्यवस्था गरी भुक्तानी दिने प्रवृत्ति तीनै तहमा देखिएको जनाएको छ। उक्त कार्य आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन/नियम र सार्वजनिक खरिद ऐन/नियम विपरित हुने भएकोले सम्बन्धित अधिकारीहरुले सो को जिम्मेवारी लिनुपर्ने हुँदा कानूनी व्यवस्थाको प्रतिकुल हुनेगरी यस्तो कार्य नगर्ने, नगराउन उल्लेख गरेको छ।

यस्तै आयोगले संघ प्रदेश र स्थानीय तहले बजेट तर्जुमा गर्दा आयोजना र कार्यक्रमको तल्लो सीमा कायम गरी बजेट तथा कार्यक्रम कार्यान्वयमा अनुशासन कायम गर्ने, योजना छनौट बजेट तर्जुमा र कार्यान्वयनका हरेक चरणमा प्रशासनिक र राजनीतिक नेतृत्वले सामूहिक जिम्मेवारी र जवाफदेहिता निर्वाह गर्नुपर्ने उल्लेख गरेको छ।

हरेक सार्वजनिक निकायले सार्वजनिक खरिद कार्यको सूचना आव्हान गर्नु पूर्व अनिवार्य रुपमा आयोजनास्थल/ निर्माणस्थलमा वा खरिद गर्न चाहेको सेवाको विषयमा तयारीको अवस्था एकिन गरेर मात्र खरिद कार्य प्रारम्भ गर्ने र यसरी एकिन गर्नका लागि आवश्यक परेमा सम्बन्धित विषयका विज्ञ/कर्मचारी खटाई निजले पेश गरेको प्रतिवेदनको आधारमा मात्र खरिद कार्य अगाडि बढाउने, तीनै तहका सरकारले बजेट स्वीकृतिको चरणमा अवण्डामा करोडौ रकम राख्ने र आ.व. शुरु भइ बजेट कार्यान्वयनका चरणमा बिना तयारीका र प्रतिफल वेगरका आयोजना प्रविष्टि गर्ने र बजेट छर्ने प्रवृत्तिलाई अन्त्य गर्नेयस्तो प्रवृत्तिले निरन्तरता पाएको विषयमा उजुरी परेमा आयोगले अनुसन्धान गर्ने र यसबाट सरकारी श्रोत साधनको दुरुपयोग भएको देखिएमा कारवाहीको भागीदार हुनुपर्ने विषयमा समयमा नै सम्बन्धीत पदाधिकारी सजग हुने उल्लेख गरेको छ।

यस्तै आयोगले तीनै तहका सरकारले योजना नीति बजेट र कार्यक्रम तयार गर्दा दोहोरोपना नहुनेगरी तयार गर्ने र कार्यान्वयनमा समन्वय र सहकार्य गर्दै विनियोजित श्रोतको कुशलतापूर्वक परिचालनमा ध्यान दिने र सम्बन्धित मन्त्रालय/निकायले बजेट तर्जुमा गर्दा राष्ट्रिय योजना आयोगले उपलब्ध गराएको सिलिङ्ग र बजेट तर्जुमा दिग्दर्शन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन/नियम तथा सार्वजनिक खरिद ऐन नियम, सम्बन्धित क्षेत्रका ऐन/नियमको आधारमा रही प्रस्तावित कार्यक्रमको औचित्य र उपलब्धि समेतलाई ध्यान दिइ बजेट प्रस्ताव गर्ने उल्लेख गरिएको छ। आयोगले एक आर्थिक वर्ष भन्दा बढी समय लाग्ने आयोजनाको हकमा बहुवर्षीय खरिद योजना र बार्षिक खरिद योजना बनाइ आयोजना बैंकमा प्रविष्टि गरी सोही अनुसार श्रोतको सुनिश्चितता भए पश्चात मात्र खरिद कार्य अगाडि बढाउने र श्रोतको सुनिश्चितता वेगर खरिद कार्य अगाडि बढाई राज्यलाई हानी नोक्सानी हुन गएमा आयोगले अनुसन्धान गर्नसक्ने हुँदा यस बारेमा समयमा नै सजग हुने उल्लेख गरिएको छ।


## भावपूर्ण श्रद्धाञ्जली

जन्मः
१९८६ फाल्गुण २४

स्वर्गारोहणः
२०८० कार्तिक ०६



### स्व. बिष्णुकृष्ण श्रेष्ठ

हाम्रा पथप्रदर्शक अभिभावक एवं बैंकका संस्थापक तथा सञ्चालक समितिका अध्यक्ष **बिष्णुकृष्ण श्रेष्ठज्यू**को असामयिक निधनप्रति हामी निकै मर्माहत भएको तथा एक कुशल अभिभावक गुमाएको महसुस गरेका छौं। उहाँको निधनले हामीलाई अपूरणीय क्षति पुगेको छ। यस बैंकप्रति उहाँले गरेको योगदान सधैं अविस्मरणीय रहिरहनेछ। आज **१२ औं दिन**को पुण्यतिथिमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

**सुदेश खालिङ**
प्रमुख कार्यकारी अधिकृत
तथा
समस्त एभरेष्ट बैंक परिवार



## कतारमा रोजगार

कम्पनीः LAVA INTEGRATED FACILITIES MANAGEMENT AND SERVICES
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०८०/०७/१५ | चलानी नं.:६०२०९६६७ | LT. No.: 294553

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Clean Worker | 0 | 12 | | 1000 | ३६,४७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कात्तिक २४ गते (10 November 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 247/058/059
H.R. International Employment Services Pvt. Ltd.
(SCM MANPOWER COMPANY PVT. LTD.)
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9808750742, 9801009400, 9803473935, 9801128811, 9807756822
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com



## बहराइनमा रोजगार

कम्पनी : ALMOAYYED CONTRACTING GROUP
शहर : MANAMA

पूर्व स्वीकृत मितिः २०८०/०७/१६ | चलानी नं.: ६०२०९७६१ | LT. No.: 294695

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaff Older | 50 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४२,२९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Worker | 100 | 0 | | 100 | ३५,२४७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक २४ गते (10 November 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/– कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
LINK INTERNATIONAL
PLACEMENT SERVICE PVT.LTD.
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061-590070 | 590071 | 9856036098, Chitwan : 056-595592 | 9802909595,
Butwal : 071-533111 | 9857077841, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051



## वराहपोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बाघखोरभन्ज्याङ, खोटाङ
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना !

प्रथम पटक प्रकाशित मितिः २०८०।०७।१७


यस कार्यालय द्वारा मिति २०८०।०५।१० गते हिमालय टाईम्समा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार PPMO को web portal www.bolpatra.gov.np/eGP मार्फत निर्धारित समय भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये सबै भन्दा कम मूल्यमा कबोल गर्ने सारभूतरुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र रहेको पाईएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उप-दफा २ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना प्रकाशन गरिएको छ।

तपशिल

| सि.नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र पि.एस.बाहेक) |
|---|---|---|---|---|
| १ | BPRM/Khotang/Works/NCB/02/2080/081 | Upgrading of Dhaplang-Dhartung-Sintang-Barahapokhari Sadak Yojana CH 7+000-CH 8+000) | Shantibhumi Construction Pvt. Ltd. Khotehang-07, Khotang | ७७,११,९४०।५० |

प्रमुख प्रशासकीय अधिकृत





मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१७ कात्तिक २०८०, शुक्रबार
3 November 2023, Friday

## सम्पादकीय

# सर्वोच्चले सम्झाएको कानून

हत्या अभियोगमा दोषी ठहर भएर सर्वस्वसहित जन्मकैदको फैसला सुनाइएको योगराज ढकाल रिगललाई आममाफी दिने सरकारको निर्णय सर्वोच्च अदालतले बदर गरिदिएको छ । कामू प्रधानन्यायाधीश ईश्वरप्रसाद खतिवडा, न्यायाधीशहरू सपना प्रधान मल्ल र डा.कुमार चुडालको पूर्ण इजलासले सरकारको निर्णय बदर गर्दै रिगललाई गिरफ्तार गर्न आदेश दिएको थियो । सर्वोच्चको आदेश लगत्तै रिगल पक्राउ परेका छन् । उनलाई बाँकी कैद सजाय गर्न पनि आदेश दिइएको छ । सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले संविधान दिवसको अवसर पारेर रिगलको कैद मिनाहा गरिदिएका थिए । २८ असार २०७२ मा नेपालगञ्जका चेतन मानन्धरको हत्या अभियोगमा जेल सजाय भोगिरहेका रिगललाई जेलमुक्त गर्ने निर्णयविरूद्ध चर्को विरोध भइरहेको थियो । मानन्धरकी पत्नीले गएको १७ असोजबाट अनशनमै बसेकी थिइन् । अनशनकै क्रममा उनी बेहोस् समेत भइन् ।

संघीय संसद्मा सांसदहरूले पनि रिगललाई जेलमुक्त गर्ने निर्णयको चर्को विरोध भइरहेको थियो । संसद र सडकबाट चर्को विरोध भइरहेको सरकारको निर्णयविरूद्ध सर्वोच्च अदालतमा रिट परेको थियो । उक्त रिटमाथि सुनुवाइ गर्दै सर्वोच्चले सरकारको निर्णय बदर गरी जेल सजाय भोग्न बाँकी ११ वर्ष ११ महिना ५ दिन थुनाको अवधि समेत प्रष्ट पारिदिएको छ । सर्वोच्चले रिगललाई पुनः कैद पठाउने मात्रै नभएर संविधान दिवसका दिन सरकारले दिदै आएको आममाफी र कैद मिनाहाबारे दीर्घकालीन अर्थ राख्नेगरी फैसला सुनाएको छ । यो फैसलाबाट कैद मिनाहाबारे सरकारलाई सचेत मात्रै गराएको छैन, त्यस्तो प्रकृतिको मुद्दाका निम्ति नजीर समेत बनेको छ ।

विशेषगरी कैद मिनाहाको निर्णय गरिरहँदा पीडितको सहमति र न्यायको अनुभूतिलाई भुल्न नमिल्ने तर्क फैसलाले गरेको छ । कतिसम्म भने लोकतान्त्रिक अभ्यास र विधिको शासनमा अब कुनैपनि सरकारलाई मनमौजी निर्णय गर्न छुट नभएको फैसलाले प्रष्ट पारिदिएको छ । बिगतमा राजाहरूले गर्ने निर्णय पुनरावलोकन हुन नसक्ने भएपनि अब त्यस्तो व्यवस्था नरहेको समेत दलहरूलाई सर्वोच्चले प्रष्ट पारिदिएको छ । २०६३ सालको जनआन्दोलनबाट राजतन्त्रको अन्त्य भएपछि संविधानको सर्वोच्चता कायम रहेको भएपनि वर्षेनि ठूलो संख्यामा सरकारले कैद मिनाहाको निर्णय गर्दै आएको थियो । तर त्यस्तो प्रवृत्ति नचल्ने फैसलालाई लोकतन्त्रको सवलीकरण र संविधानवादको रक्षाकै रूपमा लिन सकिन्छ । मुख्यगरी संविधान भन्दा माथि कोही छैन भन्ने तथ्य सर्वोच्चको फैसलाले राजनीतिक नेतृत्वलाई फेरि एकपटक सम्झाएको छ ।

# गुटेरेसले नेपालबाट दिएको सन्देश

अग्रलेख



● एकराज पाठक



करिब १४ वर्षअघि (२०६६ को मंसिर १९)मा सगरमाथाको आधार शिविरमा मन्त्रिपरिषद् बैठक बस्यो । त्यसताका नेपालमा जलवायु परिवर्तन के हो र यसले मानवसहित समग्र प्राणीजगतको स्वास्थ्य र सभ्यतामै के असर गर्छ भन्ने तर्क र बहस सुरु भएका थिए ।

सुरुसुरुमा जलवायु परिवर्तनले हिमाल र हिमालय बस्तीलाई असर गर्ने दृष्टान्त प्रस्तुत हुँदै थिए । पछि यो राष्ट्रिय एजेण्डा नै बन्यो र यसले समग्रमा प्राणीजगतको अस्तित्वमाथि नै छिट्टै धावा बोल्ने चर्चा थालिए । त्यसैले पनि हामी हिमालको बस्तीका मानिसले यो सम्भावित खतराको सन्देशलाई विश्वको सबै भूगोलमा पुऱ्याएका थिए । यसकारण जलवायु परिवर्तनका यी संकटलाई फरक शैलीबाट विश्वको ध्यान तान्नुपर्ने थियो । यसैको पृष्ठभूमिमा नेपाल सरकारले हिमाल पग्लिएकै ठाउँमा पुगेर बैठक गरेको थियो ।

विश्वका मिडियाले यो बैठकको समाचारलाई संसारमा फैलाए । हाम्रोजस्तै कार्यशैली अपनाएर माल्दिभ्सले पनि समुद्रमुनि मन्त्रिपरिषद्को बैठक गरेको थियो । जसरी नेपालले हिमश्रृंखला पग्लिएर सकिँदैछ भन्ने सन्देश दिन सगरमाथाको फेदमै पुगेर बैठक गऱ्यो, त्यस्तै प्रतिकात्मक सन्देश दिन खोजेको थियो समुन्द्रमुनिको बैठकले । यी दुई बैठकको सन्देश थियो-हिमाल पग्लिएको पानी गएर समुद्रमा जम्मा हुन्छ र समुद्री सतह बढ्छ । अनि यता हिमालमा सुक्खापनले असर गर्छ, उता समुद्रको सतह बढेपछि वरपरको बस्ती डुब्छ ।

कालापत्थर बैठकको केही दिनपछि, सन् २००९ को डिसम्बरमा डेनमार्कको राजधानी कोपेनहेगनमा विश्व जलवायु सम्मेलन आह्वान गरिएको थियो । खासमा सोही सम्मेलनमा विश्वको ध्यान खिच्नका लागि गरिएका थिए यी बैठक । कोपेनहेगन बैठकमा नेपालले जलवायु परविर्तनका कारण नेपाल र पर्वतीय देशमा देखिएको संकटबारे विश्वको ध्यानाकर्षण गराएको पनि थियो । जलवायु परिवर्तनले विश्वमा पार्दै आएको असर न्यूनीकरणका लागि विश्वका अरु पनि केही राष्ट्रले यस्तै फरक शैलीका बैठक तथा कार्यक्रम आयोजना गरेका थिए ।

तर दुःखद् कोपेनहेगन सम्मेलनको मुख्य वेबसाइटमा हाम्रो बैठकको सूचना थिएन, माल्दिभ्सको थियो । सो सम्मेलनको वेबसाइट खोल्दा माल्दिभ्सको बैठकको तस्बिर र सूचना सुरुमै आउँथ्यो तर, हाम्रो कालापत्थरको आउँदैनथ्यो । सम्मेलनमा सहभागी प्रधानमन्त्री माधवकुमार नेपालले यस विषयमा चासो राखे र नेपालको राष्ट्रसंघीय मिसनका अधिकारीलाई सोधे । त्यसबेलाको राष्ट्रसंघीय नेपाली मिसनले त्यति चित्तबुझ्दो जवाफ दिन सकेका थिएनन् । सायद उनीहरुले 'लबिङ' या पहुँच पुऱ्याउन सकेका थिएनन् ।

सम्मेलनमा नेपालले नेपालका हिमाल पग्लिन थालेको र हिमाली बस्ती संकटमा पर्न लागेको तथा माल्दिभ्सले हिमश्रृंखला पग्लिन थालेकाले अब माल्दिभ्स र यस्तै समुद्री किनारका देशका मानव बस्तीको अस्तित्व पनि संकटमा पर्न सक्ने सम्बोधनका क्रममा जनाएका थिए । यसले विश्वका राष्ट्रप्रमुख तथा सरकार प्रमुखको ध्यान खिचेको पनि थियो । जलवायु परिवर्तनका कारण नेपालजस्ता पीडित राष्ट्रहरुले पाउने क्षतिपूर्तिको प्रचलन नेपालको त्यो पहलले स्थापित गरायो । जुन अहिले पनि निरन्तर त छ तर, प्रसस्तै अपुग छ, लाखौं करोडौं कोष टाढाका सूर्य भगवानलाई दुई थोपा अर्घ्य चढाएजस्तै ।

विगतका यी उदाहरणको तुलनामा यतिखेर भने नेपालले एक अभूतपूर्व अवसर प्राप्त गरेको छ । किनभने अबका केही दिनपछि राष्ट्रसंघीय विश्व जलवायु सम्मेलन हुँदैछ र त्यसको आयोजक संस्था संयुक्त राष्ट्रसंघका महासचिवले त्यही प्रभावित ठाउँमा आफैं पुगेर अवस्थाको अध्ययन गरेका छन् । त्यो बैठकयता कति हिमाल पग्लियो र कति सेता हिमचुचुरा कालापत्थरमा परिणत भए भन्ने कुरा अनुसन्धानकै गर्भमा रहे पनि अब भने कालापत्थर बैठक गरेर विश्व सम्मेलनमा प्रतिकात्मक जानकारी दिनुपर्ने अवस्था छैन । राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस त्यहीँ पुगे र प्रभावित क्षेत्रका बासिन्दासँग अन्तर्क्रियासमेत गरे ।

"अहिले त्यही म अहिले यहाँ हिमालयमा छु । जहाँ हिमाल पग्लिरहेका छन् र हिमनदीहरू रेकर्ड लेभलमा छन् । अन्टार्टिका र ग्रीनल्याण्डमा जस्तै यहाँ पनि जलवायु परिवर्तनको गम्भीर असर देखिइरहेका छन् । हामीले बाढी पहिरो देख्नुपरेको छ । यहाँको समुदाय नाटकीयरूपमा प्रभावित भइरहेको छ । हामीले यसलाई रोक्न जरुरी छ । जलवायु परिवर्तनका असरले हिमालय क्षेत्रको पर्यावरण र जनजीवनमा देखिन थालेका असर तथा त्यसको रोकथामका लागि मैले विश्वसमुदायको ध्यानाकर्षण गराउन चाहेको छु । हामीले बढ्दो तापक्रम वृद्धिलाई एक दशमलव पाँच डिग्रीमा सीमित गर्नसक्नुपर्छ । यसबाट हामी पछि हट्न सक्दैनौं", संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले गत सोमबार सोलुखुम्बु जिल्लाको सगरमाथा क्षेत्रको अवलोकन गरेपछि सामाजिक सञ्जालको आफ्नै वालमार्फत दिएको भिडियो सन्देश हो यो । त्यसमा उनले जलवायु परिवर्तनको असरका रूपमा पर्यावरण र मानव समुदायमा नाटकीय परिवर्तन देखिन थालेको बताएका थिए ।

*महासचिव गुटेरेसको भ्रमण नेपालका लागि एक महत्वपूर्ण कूटनीतिक लाभ हो । यो कूटनीतिक उपलब्धिभित्रै नेपालले भोगिरहेको जलवायु संकट र नेपालको शान्तिको सन्देश संसारमा फैलाउने अर्को एक अवसर पनि हो ।*

उनले जलवायु परिवर्तन रोकथामका लागि विश्व समुदायलाई आग्रह पनि गरे । त्यसअघि सोही दिन गुटेरेसलाई भेटेपछि सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकाका स्थानीयले जलवायु परिवर्तनले के-कस्ता समस्या उत्पन्न गरेको छ भन्नेबारेमा जानकारी गराएका थिए । उनीहरुले हिमनदी पग्लिनेक्रम बढेको, जलवायुजन्य हानिनोक्सानी बढेको, पानीका स्रोत र मुल सुक्दै गएका, स्थानीय बालीनालीमा जलवायुको असर परेको, नाङ्गा हिमालमा पानी पर्दा पहिरो जाने समस्या बढेकोजस्ता समस्या अवगत गराएका थिए ।

यो वास्तविकता देखेका महासचिव गुटेरेसले नेपालको हिमालमा जलवायु परिवर्तनले पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउने प्रतिबद्धता व्यक्त गरेका छन् । महासचिव गुटेरेस जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित क्षेत्र हिमालमा पुगेका केही हप्तापछि नै जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन (कोप-२८)को आयोजना हुँदैछ । सोही सम्मेलनमा आफूले विश्वको प्रदूषण वृद्धिमा धनी देशको भूमिका रहेको तर खुम्बु पासाङल्हामु गाउँपालिकाजस्ता दुर्गम स्थानका नागरिकको कुनै भूमिका नरहेको तथ्य उठाउने बताएका छन् ।

नेपालको संघीय संसद्लाई सम्बोधन गर्दा उनले जलवायु परिवर्तनको असर नेपालमा कति परेको छ र आफ्ना कारण बिना नै नेपाल कसरी पीडित बन्नुपरेको छ भन्ने कुरा धनी र यसका कारक देशसँग राम्रोसँग उठाउने बताएका छन् । उनको यो भ्रमणले पक्कै पनि नेपालले नखाएको विष अब लाग्दै, लाग्नु हुँदैन र लागि नै हाले पनि विषको मात्रा नगन्य हुनुपर्छ भन्ने वास्तविकता विश्वका धनी दशेको कानमा पर्ने आशा गर्न सकिन्छ ।

महासचिव गुटेरेसको भ्रमणले बोकेको अर्को नेपाली सन्देश शान्तिको हो । हामीसँग विश्वमा अन्यत्र कतै वीरलै रहेका शान्तिका सन्देश छन् । जस्तो कि शान्तिका अग्रदूत भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनीमा राष्ट्रसंघीय महासचिव पुग्नु नै नेपालको शान्तिको सन्देश विश्वमा पुग्नु हो । यतिखेर विश्वको झण्डै एक तिहाइ जनसङ्ख्याले बुद्ध दर्शनलाई अँगालेका छन् । त्यसैले हामी नेपाली विश्वको कुनै पनि भूगोलका भन्दा भाग्यमानी हौँ । बुद्धका शान्तिका सन्देश विश्व जति आधुनिक, विकसित र कथित समृद्ध हुँदै गएको छ त्यति नै सान्दर्भिक हुँदै गएका छन् । शान्तिका नाममा विश्वको कुनै पनि मानिसका दिमागमा सबैभन्दा पहिला आउने बुद्ध हुन र स्थान लुम्बिनी हो ।

